# जिल्ला प्रशासन कार्यालय

धनगढी, कैलाली

☎ २११०१, २१८०१, २१३०१, २१३०२

पत्र संख्या :-

चलानी नं. :-

मिति २०७८/१०/२३

विषय :- सूचना टाँसको जानकारी पठाएको ।

श्री केन्द्रीय अनुसन्धान केन्द्र

धनगढी, कैलाली

त्यस कार्यालयको च.नं. ५८ मिति २०७८/१०/१५ को पत्रसाथ प्राप्त सूचना १ (एउटा) प्रति यस कार्यालयको सूचना पाटीमा मिति २०७८/१०/२३ टाँस गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

२०७८/१०/२३

( मीना जोशी
प्रशासकीय अधिकृत )

Scanned with CamScanner

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग

# वनस्पति अनुसन्धान केन्द्र

धनगढी ,कैलाली

[illegible]

प्रथम पटक प्रकाशित मिति: २०७७।१०।११

## बोलपत्र आवह्वानको सुचना ।

यस कार्यालयको आ.व. २०७७।७८ को स्विकृत वार्षिक कार्यक्रम बमोजिम निम्नानुसारको निर्माण कार्य गराउनु पर्ने भएकोले इच्छुक निर्माण व्यवसायी फर्मबाट निम्न उल्लेखित तथा कार्यालयको सुचना पाटीमा टाँस गरेको सुचनाको शर्तहरुका अधिनमा रहि बोलपत्र आव्हान गरिन्छ ।

## शर्तहरु:

१. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र तोकिएका कागजात सहित यस कार्यालयबाट कार्यालय समय भित्र रु. ३,०००।०० (तिन हजार मात्र) रकम तिरी (फिर्ता नहुने गरी) बोलपत्र खरिद गर्न सकिनेछ ।

२. बोलपत्र खरिद गर्दा निवेदन साथ आ.ब.२०७७।७८ का लागी नविकरण भएको इजाजत पत्र ,मु.अ.कर दर्ता प्रमाण पत्र ,आ.ब.२०७६।७७ को कर चुक्ता प्रमाण पत्र पेश गर्नुपर्ने छ ।

३. सिलबन्दी बोलपत्रपत्र साथ जमानत बापत तपसिलमा उल्लेखित धरौटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय कैलालीको राष्ट्रिय बाणिज्य बैंक धनगढी शाखामा रहेको धरौटी खाता नं. ४१७०१००१०२०३०००० मा (कार्यालय कोड ३२९०२७७०१) जम्मा गरेको सक्लै भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालय को नाममा जारी भएको कम्तीमा १२० दिनको मान्य अवधी रहेको सक्कल बिडबण्ड (बैंक ग्यारेन्टी) सिलबन्दी बोलपत्रका साथ पेश गर्नु पर्नेछ ।

४. खरिद गरेको बोलपत्रपत्र तोकिएका कागजातहरु सहित ३१ औं दिन् दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । दर्ता हुन आएका सिलबन्दी बोलपत्रपत्रहरु सोही दिनको २ बजे कार्यालयमा बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । प्रतिनिधिहरु उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्र खरिद गर्ने,दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा गरिने छ ।

६. बोलपत्रको अंक र अक्षर महलमा प्रष्ट लेखेको हुनुपर्नेछ ।अंक र अक्षर महलमा फरक परेमा अक्षरलाइ मान्यता दिइने छ ।

७. कुनै शर्त राखी म्याद नाघी आएको वा रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. ठेक्का स्वीकृत भएपछी ठेक्का अवधी भरमा मूल्य बृद्धी भएमा थप रकम दावी गर्न पाइने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. यस सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

११. बिस्तृत जानकारीको लागी यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिने छ ।

तपसिल:

| क्र.स. | ठेक्का नम्बर | कामको बिवरण | लागत अनुमान | धरौटी रकम | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २/२०७७/७८ | पर्खाल निर्माण कार्य | २३९१४५६।६९ | ७००००।०० | ३०००।०० | बोलपत्र |

Scanned with CamScanner